
# लैङ्गिक समानता तथा सामाजिक समावेशिकरण रणनीति

## हनुमाननगर कंकालिनी नगरपालिका

## २०७९




स्रोत: स्थलरुप नक्सा (स्केल १:२५०००/१:५००००), नापी विभाग र जनगणना २०६८, केन्द्रिय तथ्यांक विभाग

Projection Systen: MUTM, Spheroid - Everest 1830
MoFALD, 2074

# हनुमाननगर कंकालिनी नगरपालिका
# हनुमाननगर कंकालिनी
# सप्तरी

## १.पृष्टभूमिः

नेपालको संविधानको प्रस्तावनामा नै लैङ्गिक विभेद अन्त्य गरी समानुपातिक समावेशी र सहभागिता मूलक सिद्धान्तका आधारमा समतामूलक समाजको निर्माण गर्ने व्यवस्था गरेको छ । यसै गरी धारा ३८ ले मौलिक हक अन्तर्गत महिलाको हक समावेश गरेको छ । महिला हक अन्तर्गत प्रत्येक महिलालाई लैङ्गिक भेदभाव विना समान वंशीय हक हुने, प्रत्येक महिलालाई सुरक्षित मातृत्व र प्रजनन् स्वास्थ्य सम्बन्धी हक हुने, महिला विरुद्व धार्मिक, सामाजिक, सांस्कृतिक परम्परा, प्रचलन वा अन्य कुनै आधारमा शारीरिक, मानसिक, यौनजन्य, मनोवैज्ञानिक वा अन्य कुनै किसिमको हिंसा जन्य कार्य वा शोषण गरिने छैन । त्यस्तो कार्य कानून बमोजिम दण्डनीय हुनेछ र पीडितलाई कानून बमोजिम क्षतिपूर्ति पाउने हक हुने कुरा उल्लेख गरिएको छ । राज्यका सबै निकायमा महिला तथा पछाडी परेका समुदाय र समानुपातिक समावेशी सिद्धान्तको आधारमा सहभागी हुने हक हुने, महिलालाई शिक्षा, स्वास्थ्य, रोजगारी र सामाजिक सुरक्षामा सकारात्मक विभेदका आधारमा विशेष अवसर प्राप्त गरिने हक हुने, सम्पत्ति तथा पारिवारिक मामिलामा दम्पतीको समान हकहुने व्यवस्था समेत गरेको छ ।

यसैगरी धारा ४२ अन्तर्गत सामाजिक रुपले पछाडि परेका महिला लगायतलाई समावेशी सिद्धान्तका आधारमा राज्यको संरचना तथा सार्वजनिक सेवामा सहभागिताको हक हुने उल्लेख गरी सामाजिक न्यायको हक प्रत्याभूत गरेको छ । धारा ४३ ले आर्थिक रुपले विपन्न, अशक्त र असहाय अवस्थामा रहेका एकल महिला लगायतलाई कानुन बमोजिम सामाजिक सुरक्षाको हक सुनिश्चित गरेको छ । राष्ट्रिय योजना आयोगले पन्ध्रौ योजना (आर्थिक बर्ष २०७६/७७-२०८०/८१) को आधार- पत्र तर्जुमा गर्दा संबिधानमा व्यवस्था गरेका मौलिक हक, अन्तराष्ट्रिय सन्धि, महासन्धि र अन्य दस्तावेजका साथै नेपाल सरकारले विभिन्न समयमा व्यक्त प्रतिबद्धताहरुलाई केन्द्रमा राखेको छ । स्थानीय सरकार संचालन ऐन २०७४ लगायतका कानुनहरु र राष्ट्रिय लैंगिक समानता नीति २०७७, प्रदेश तथा स्थानीय तहका लागि लैंगिक उत्तरदायी बजेट नमुना निर्देशिका २०७७ कार्यान्वयनमा छन् ।

माथि नै उल्लेख गरिसकिएको छ कि लैंगिक समानता तथा सामाजिक समावेशीकरण विश्वव्यापी सावाल हो, त्यसैले यसको चर्चा विश्वव्यापी रुपमै हुन्छ र सुधारात्मक प्रयासहरु पनि विश्वव्यापि रुपमै भएका छन् । नेपालमा पनि लैंगिक समानता तथा सामाजिक समावेशीकरणको सुधार र परिवर्तनका लागि धेरै संस्थागत कार्यहरु भएको हामी पाउँछौ । बिगतमा कार्यक्रमहरु मार्फत लैससासलाई सुदृढ बनाउँने कोशिस भएको थियो । हाल आएर लैससासलाई व्यवस्थित, सुदृढ र परिवर्तन गर्नका निमित्त

बिभिन्न ऐन कानुनहरु निर्माण भएका छन् । लैससासमा बिद्यमान प्रयास, नीति नियम तथा प्रावधान सम्बन्धमा यहाँ संक्षिप्त रुपमा उल्लेख गरिएको छ ।

**स्थानीय सरकार सञ्चालन ऐन २०७४** को दफा ११ मा उल्लेख गरिए बमोजिम नगरपालिकाको काम, कतर्व्य र अधिकार अर्न्तगत विभिन्न बुँदाहरुले जेष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति र अशक्तहरु सहित सुकुम्बासी व्यवस्थापन गर्न लक्षित समुह सम्बन्धी स्थानीय योजना, कायक्रम, स्रोत परिचालन र ब्यवस्थापन, सामाजिक सुरक्षा सम्बन्धी स्थानीय तथ्याङ्क र सूचना ब्यवस्थापन र गरिब घरपरिवार पहिचान सम्बन्धी स्थानीय सर्वेक्षण, सूचना ब्यवस्थापन र नियमन गर्ने  कुराहरु उल्लेख गरिएको छ ।

ऐनको दफा १२ मा उल्लेख गरिए बमोजिम वडा समितिको काम, कतर्व्य र अधिकार अर्न्तगत स्थानीय तहको योजना तर्जुमा गर्दा सहभागितामूलक योजना तर्जुमा प्रणाली अनुसार बस्ती वा टोलस्तरबाट योजना तर्जुमा प्रकृया अवलम्बन गरी महिला तथा पिछडिएको वर्गको सहभागितामा जोड, योजना बनाउदा महिला, बालबालिका तथा पिछडिएका वर्ग, क्षेत्र र समुदायलाई प्रत्यक्ष लाभ पुग्ने योजना छनौटमा जोड दिदै लैङ्गिक समानता तथा सामाजिक समावेशिकरण (लैससास) प्रवर्द्धन गर्ने व्यवस्थालाई जोड दिएको छ । उक्त ऐनले वडा भित्र बालविवाह, बहु-विवाह, लैङ्गिक हिंसा, घरेलु हिंसा, छुवाछुत, दहेज तथा दाइजो, हलिया प्रथा, छाउपडि, कमलरी प्रथा, बालश्रम, मानव बेचबिखन जस्ता सामाजिक कुरीति र अन्धविश्वासको अन्त्य गर्ने  गराउने दायित्व समेत सुम्पेकोछ ।

**दिगो विकास लक्ष्यका** पाँच स्तम्भ अन्तर्गत स्तम्भ २ को मानव अन्तर्गत सबै प्रकारका गरिवी र भोकमारीको अन्त्य गर्ने र मर्यादा एबम् समानता कायम गर्ने उल्लेख छ । त्यसैगरी स्तम्भ ४ मा शान्तिपुर्ण, न्यायसंगत र समावेशी समाजको निर्माण गर्ने कुरा उल्लेख छ । प्रमुख १७ लक्ष्यहरु अन्तर्गत लक्ष्य नं. १ मै सबै ठाउँमा सबै प्रकारको गरिवी अन्त्य गर्ने कुरा उल्लेख छ । लक्ष्य नं. ३ मा सबै उमेर समुहका व्यक्तिका लागि स्वस्थ जीवन सुनिश्चित गर्दै समृद्ध जीवन प्रबर्द्धन गर्ने बिषय राखिएको छ । लक्ष्य नं. ११ मा शहर तथा मानव बसोबासलाइ समाबेशी, सुरक्षित, उत्थानशिल र दिगो बनाउँने भनिएको छ ।त्यसैगरी लक्ष्य नं. १६ मा दिगो विकासको लागि शान्तिपुर्ण र समाबेशी समाजको प्रबर्दन गर्ने, सबैको न्यायामा पहुँच सुनिश्चित गर्ने र सबै तहमा प्रभावकारी, जवाफदेही र समावेशी संस्थाको स्थापना गर्ने कुराको व्यवस्था गरिएको छ ।

दिगो विकास लक्ष्य अन्तर्गत लक्ष्य नं. ५ मा लैंगिक समानता हासिल गर्ने र सबै महिला, किशोरी र बालिकालाइ सशक्त बनाउँने भन्ने कुरा स्पष्ट रुपमा उल्लेख भएको हुँदा नेपालले पनि सन् २०३० सम्ममा पुरा गर्ने सुचकहरुमा यो लक्ष्य नं. ५ पनि प्राथमिकतामा पर्दछ ।

## १.१. हनुमाननगर कंकालिनी नगरपालिकाको संक्षिप्त परिचयः

मधेस प्रदेश अन्तरगत सप्तरी जिल्लामा अवस्थित हनुमाननगर कंकालिनी नगरपालिका जिल्लामा विद्यमान १८ वटा स्थानीय तहमध्ये एक हो । यो नगरपालिका पूर्ण रूपले मधेस वा तराईको भू भागमा अवस्थित छ । यस नगरपालिकामा आदिकाल देखि हिन्दु समुदायको बाहुल्यता रहेको छ । साविकका हनुमाननगर योगिनीमाई नगरपालिका, रामपुर मल्हनिया, भारदह, पोर्ताहा र मधुवापुर गाविस बनेको यो नगरपालिका ११८.२ वर्ग कि.मी. क्षेत्रफलमा फैलिएको छ । यस परिच्छेदमा यहाँको भौगोलिक अवस्थिति, ऐतिहासिक चिनारी तथा नामाकरण, राजनीतिक अवस्थिति, प्राकृतिक तथा साँस्कृतिक उत्कृष्टता, विकास संभावनाहरुलाई देहाय बमोजिमका शिर्षकहरुमा व्याख्या गरिएको छ । २.१ भौगोलिक अवस्थिति हनुमाननगर कंकालिनी नगरपालिका समुन्द्री सतहवाट ७१ (रामपुरवा मल्हनीय) देखि ९१ (पोर्ताहा पश्चिम) मिटर सम्मको उचाईमा अवस्थित रहेको छ । यो नगरपालिका भौगोगिक अवस्थितिका हिसाबले २६ डिग्री २६ मिनेट २० सेकेण्ड देखि २६ डिग्री ३५ मिनेट ५ सेकेण्ड उत्तरी अक्षांश र ८६ डिग्री ४६ मिनेट ४८ सेकेण्ड देखि ८६ डिग्री ५८ मिनेट २२ सेकेण्ड पुर्वी देशान्तरमा फैलिएको छ (श्रोतः न्क्ष्क) । यस नगरपालिकाको पूर्वमा सुनसरी जिल्ला र भारत, पश्चिममा तिलाठी कोइलाडी गा.पा र महादेवा गा.पा, उत्तरमा तिरहुत गा.पा र कञ्चनरूप नगरपालिका र दक्षिणमा भारत रहेको छ । कूल क्षेत्रफल १४३.३३ वर्ग किमी रहेको यो नगरपालिका जिल्लाको कूल क्षेत्रफल ( १२१२.८४ वर्ग किमी) को ९.७५ प्रतिशत भू-भाग ओगटेको देखिन्छ । २.२ ऐतिहासिक चिनारी तथा नामाकरण ऐतिहासिक, प्राकृतिक तथा साँस्कृतिक रूपले महत्वपूर्ण क्षेत्रको रुपमा रहेको यस हनुमाननगर कंकालिनी नगरपालिकाको नामाकरण तत्कालीन हनुमाननगर योगिनीमाई नगरपालिकाको हनुमाननगर र प्रसिद्ध कंकालिनी मन्दिरको नाम मिलाई गठन गरिएको हो । नगरपालिकाको नामाकरण भने यसै स्थानमा रहेको जिल्लाकै प्रसिद्ध हनुमान मन्दिर र कंकालिनी मन्दिरको नामबाट रहन गएको हो । सप्तरी जिल्लाको पूर्ववर्ती सदरमुकाम समेत रहेको यस स्थान जिल्लाको व्यापारिक केन्द्रको रुपमा समेत परिचित छ । कंकालिनी मन्दिर एवं हनुमान मन्दिर सम्बन्धी संक्षिप्त जानकारी देहाय अनुसार रहेको छ । हनुमान मन्दिर नगरपालिका केन्द्र रहेको स्थान हनुमाननगरमा रहेको हनुमानको अत्यन्त दुर्लभ मानिने बाल्य अवस्थाको कालोढुङ्गामा कुँदिएको मुर्ति भएको मन्दिरका कारण यस स्थानको नाम हनुमाननगर रहन गएको हो । वि सं २०७८ को जनगणना अनुसार यस नगर पालिकामा जम्मा जनसंख्या ५०,००५ मध्ये पुरुष २६,९४२ र महिला २३,०६३ छन ।

## २. अवस्था विश्लेषणः

लैङ्गिक समानता तथा सामाजिक समावेशिकरण मुलप्रवाहिकरण रणनीतिनिर्माण गर्ने यस नगरलालिकाको अवस्था विश्लेषण गर्नु पर्ने हुन्छ यसकालागि क्थ्इत विश्लेषण औजार प्रयोग गरी नगरलालिकाको अवस्था विश्लेषण गरिएको छ । अवस्था विश्लेषण गर्दा ४ पाटोवाट विश्लेषणको व्याख्यान गरिएको छ ।

## २.१.सबल, सुधारगर्नु पर्ने, अबसर र चुनौती ९क्ध्इत० विश्लेषणका पाटाहरु

क्ध्इत विश्लेषणको पाटाहरुलाइ ध्यान दिइ  लैससासको दृष्टिलाइ मध्यनजर गर्दै यस हनुमाननगर कंकालिनि नगरलालिकाको सवल पक्ष, सुधार्नु पर्ने पक्ष, अवसर र चुनौतीको विश्लेषण गरिएको छ । यसरी विश्लेषण गर्दा नगरपालिकाको सम्पुर्ण लैससासलाइ मुलप्रवाहिकरण, संस्थागत संरचना तथा नगरपालिकाको सेवा प्रवाहमा समावेशीतालाइ ध्यान दिइएको छ । क्ध्इत विश्लेषणका पाटाहरु निम्न बमोजिम छन ।

| सवल पक्ष | सुधार गर्नुपर्ने पक्ष |
|---|---|
| १. कार्यक्रमको योजना तथा बजेट तर्जुमा गर्दा पुर्ण रुपमा सहभागिता हुने गरेको<br>२. नीति तथा कार्यक्रममा लैससासको सम्वोधन ।<br>३. लक्षित बर्गको लागि कानुन तथा कार्यविधिहरुको निमार्ण र कार्यान्वयन ।<br>४. लक्षित वर्गका लागि बजेट विनियोजन र कार्यान्वयन ।<br>५. लक्षित वर्ग मैत्री (महिला, जेष्ठ नागरिक, बालबालिका, अशक्त अपांगता भएका व्यक्ति) भौतिक संम्रचनाको निर्माणका लागि बजेट विनियोजन र कार्यान्वयन ।<br>६. महिला, अशक्त र दलित लक्षित सिपमुलक, रोजगारमुलक कार्यक्रम तथा क्षमता विकास तालिम ।<br>७. जेष्ठ नागरिकहरुलाई न्यानो कपडा वितरण ।<br>८. सामाजिक सुरक्षा भत्ता बैंकिङ्ग प्रणाली मार्फत घर टोलमा पुगेर वितरण गरिएको ।<br>९. महिला तथा उपेक्षित वर्गकोलागि रोजगार मुलक तथा सिप मुलक तालिमहरुको व्यवस्था गरेको<br>१०. महिला शसक्तिकरण कार्यक्रमहरु लागु | १. लैससासको आधारमा महिला पुरुष तेस्रो लिंगिको लागि क्षमता विकास तालिम गर्नु पर्ने<br>२. विपन्न तथा अल्पसंख्यक सवै जातजाति वर्ग समुदाय समावेशि हुने गरी सुचना मुलक कार्यक्रमहरु  गर्नु पर्ने<br>३. परम्परागत हानिकारक अभ्यासलाइ न्युनिकरण गर्ने खालका कार्यक्रम गर्नु पर्ने<br>४. अपांगता भएका व्यक्तिहरुको शसक्तिकरण कार्यक्रमलाइ निरन्तरता दिनु पर्ने<br>५. महिलाहरुलाइ पुरुष सरह समान हक  अधिकार स्थापित गर्नको लागि वकालत गर्नु पर्ने<br>६. बालमैत्री महिला मैत्री सौचालय निर्मण गर्नु पर्ने<br>७. लैससास  तथा समावेशिकरण नीतितर्जुमा गर्नु पर्ने<br>८. एकल महिलाको शसक्तिकरणको लागि क्षमता विकास कार्यक्रम गर्ने<br>९. संस्थागत संरचनामा लैंगिक मैत्री बनाउनु पर्ने<br>१०. लक्षित वर्गको लागि प्रयाप्त बजेट विनियोजन गर्नु पर्ने<br>११. लैससास सम्बन्धि समस्यालाइ प्राथमिकतामा राख्ने<br>१२. योजना तर्जुमा प्रकृयाको लागि लक्षित वर्गको |

| | |
|---|---|
| गरिएको<br>११. उपेक्षित वर्गकोलागि छुट्टै बजेटको व्यवस्था गरेको<br>१२. संघिय नीति तथा निर्देशिकाको आधारमा महिला तथा उपेक्षित वर्गलाइ अवसर दिएको<br>१३. लिंगको आधारमा महिला हिंसा न्युनिकरणको लागि सचेतना कार्यक्रम गर्ने गरेको<br>१४.नगरपालिकावाट संचालन गरिने तालिम, गोष्ठि तथा सभामा महिला, पुरुष तथा उपेक्षित समुदायको अर्थपुर्ण सहभागिताको सुनिश्चित गरिएको<br>१५. नगरपालिकावाट गठन हुने सम्पुर्ण समिति तथा उपसमितिहरुमा ३३ प्रतिशत आरक्षण दिएको<br>१६. वार्षिक योजना तर्जुमा प्रकृयामा महिला, पुरुष तथा उपेक्षित समुदायको सकृय सहभागितामा बजेट छुटयाउने गरेको<br>१७. अन्तर्राष्ट्रिय, संघ, प्रदेश ले सम्बोधन गर्न गरेका महिला सम्बन्धि व्यवस्थालाई नगरपालिकाबाट कानुन बमोजिम प्रतिवद्धता गरेको<br>१८.अपांगता परिचयपत्र वितरण तथा समावेशीकरण भएको | अर्थ पुर्ण सहभागिता गराउनु पर्ने<br>१३. दिगो विकास लक्षको स्थानियकरण गर्नु पर्ने<br>१४.नगरपालिकाको कार्यक्रममा खण्डिकृत तथ्यांक राख्ने नगरेको<br>१५. अतर्राष्ट्रिय प्रतिबद्धताहरुको कार्यावयन गर्नु पर्ने<br>१६. खण्डिकृत तथ्यांकको व्यवस्थापन तथा प्रयोग गर्नु पर्ने<br>१७. लैससास सम्बन्धमा नगरपालिकाका जनप्रतिनिधि र कर्मचारीहरुमा क्षमता अभिवृद्धि गर्नु पर्ने<br>१८.लैससास सम्बन्धमा भए गरेका कामहरु र उपलब्धिहरुलाई मापन गरी गुणात्मक तुलना गर्ने व्यवस्था र परिपाटी नहुनु । |
| **अबसर** | **चुनौती** |
| १. राष्ट्रिय नीति रणनीति ले लैससास कार्यान्वयनमा सहयोग भएको<br>२. कार्य पालिका पदाधिकारीहरु लैंगिक समानताको बारेमा सचेत भएको भएको<br>३. महिलालइ ५० प्रतिशतमा सहभागि गराउने प्रतिबद्ध भएको<br>४. न्यायिक समितिको व्यवस्था भएको<br>५. अन्तर्राष्ट्रिय सन्धि, सम्झौता घोषणापत्र तथा | १. महिला पुरुष तेस्रो लिंगिको लैंगिक समानताको हक अधिकारको सुनिश्चित गर्नमा समस्या<br>२. महिला हिंसा न्युनिकरणमा सामाजिक मुल्यमान्यताले अवरोध गरेको<br>३. सम्पुर्ण सामाजिक विभेद समुदायमा कायम रहेको<br>४. परम्परा देखि चलिआएका संस्कार, संस्कृति अथवा विभिन्न खालका बिभेदहरु तथा |

| | |
|---|---|
| प्रतिबद्धताहरुले लैससास कार्यावयन गर्नमा सघाउ पुगेको<br>६. नगरपालिकाको नीति , ऐन, कानुन कार्यविधि, रणनीति बनाउन संवैधानिक व्यवस्था भएको<br>७. सामाजिक, आर्थिक राजनैतिक क्षेत्रमाहरुमा महिलाहरुलाइ सहभागि गराउने अवसर पाउनु पर्छ भन्ने सम्बन्धि वकालत गर्ने गरेको<br>८. लक्षितवर्गहरुको आत्मवल बढने खालको कार्यक्रमहरु गराएकोले लैससास प्रबर्द्धन गर्ने अवसर भएको<br>९. लैंगिक समानता सम्बन्धि नीति वनाउने प्रतिबद्ध भएको<br>१०. समावेशिकरणको सिद्धान्त अनुरुप आरक्षण सिटको व्यवस्था गरेको<br>११. संविधान, ऐन, कानुन् बिभिन्न निर्देशिकाहरु, नियमावलीहरु र रणनीति योजनाहरुले निर्दिष्ट गरेकोले यस क्षेत्रमा काम गर्न अवसर छ ।<br>१२. लक्षित वर्गहरुको सचेतनाको स्तर बिस्तारै बढीरहेको छ , संघ, प्रदेश सरकारकोसंगको सम्बन्ध बलियो छ ।<br>१३. विभिन्न संघ संस्थाहरुसँग सहकार्य गर्ने रणनीति लिईएको छ, स्थानीय स्तरमा नै स्रोत व्यक्तीहरु उत्पादन भईरहेको छ साथै लैससास सवालले महत्व पाउदै जानु नगरपालिकाका लागि अवसर हुन् । | नकारात्मक मुल्यमान्यताहरुले अझै पनि समाजमा प्रभाव पारिरहनु<br>५. सिमित सोत साधनले सबै पक्षलाई समेट्नु पर्ने अवस्था रहेको छ ।<br>६. लैससास सम्बन्धि नीति , कार्यविधि तयार नभैसकेको<br>७. आय आर्जनमा महिला तथा लक्षित वर्गको पहुचमा कमि<br>८. सामाजिक मुल्य मान्यता तथा धार्मिक वाध्यता<br>९. पुरुष प्रधान समाज हुनु<br>१०. अशिक्षा<br>११. गरिवि<br>१२. पिछडिएका समाज जाति रितिरिवाज |

## २.२. सरोकारवालाहरुको पहिचानः

यस नगर पालिकामा विभिन्न संघ संस्थाहरु कार्यरत छन जसले प्रत्यक्ष तथा अप्रत्यक्ष रुपमा लैससासको क्षेत्रमा सहयोग गरिरहेका छन । लैससासको प्रबर्द्धन गर्नेमा प्रत्यक्ष सरोकार राख्ने सरोकारहरुमा नगर

पालिका, न्यायिक समिति, प्रदेश सरकार, विभिन्न संजालहरु, समन्वय समितिहरु, टोल विकास संस्था, विद्यालय, सहकारी संस्थाहरु, आमा समुह, गैरसरकारी संस्थाहरु, यस्तै गरी अप्रत्यक्ष रुपमा सरोकार राख्ने सरोकारहरुमा लघुबित्त वितीय संस्था, बैंक, ब्यापार संघ, रानीतिक दलहरु आदि । उपरोक्त सरोकारवालहरुसंग समन्वय गरी प्रभावकारी सहकार्य गर्ने उचित वातावरण बनाउदा लैससासको सहि कार्यान्वयन हुन सक्छ ।

**२.३. लक्षित वर्गको पहिचानः**

लैससासको मुद्धामा प्रत्यक्ष सरोकार राख्ने लक्षित वर्गहरुको पहिचान गर्ने सन्दर्भमा यस नगरपालिकामा निम्न लक्षित वर्गहरुको पहिचान गरियको छ ।

महिला, वालवालिका, जेष्ट नागरिक, फरक किसिमको क्षेमता भएका व्यक्ति, एकल महिला, लैङ्गिक तथा यौनिक अल्पसंख्यक, सुकुवासी, उपेक्षित वर्ग, उपेक्षित समुदाय

**३. दिर्घकालिन सोच ९ख्ष्कष्यल०**

“भेदभावरहित न्यायपूर्ण तथा समतामूलक समाजको निर्माण”

## ४. ध्यय (Mission)

लैससास मुलप्रवाहिकरण तथा आन्तरिकीकरण गर्दै यसको संस्थागत सुदृढिकरण गर्ने ।

## ५. लक्ष (Goal)

पाँच बर्ष भित्र यस नगरपालिकाभित्रका लैससास अर्न्तगतका लक्षित बर्गहरुको आर्थिक, सामाजिक र राजनीतिक पहुँच बृद्धि भई गुणस्तरीय जीवनस्तर सुधार भएको हुनेछ ।

## ६. उदेश्य (Objective)

यस रणनीति को उदेश्य लैङ्गिक समानता तथा सामाजिक समावेशिकरण मुलप्रवाहिकरण गर्नको लागि नगरपालिकाको सम्पुर्ण कार्यकम, नीति तथा स्रोतलाइ दिगो तथा लैससास मैत्रि बनाइ लैससास संस्थागत गर्ने रहेको छ । यस्का विस्तारित उदेश्यहरु निम्न बमोजिम छनः

१. संस्थागत संरचना र कार्यक्रमहरुमा महिला र सीमान्तकृत समुहहरुलाई समाबेशी गर्नको लागि लैससास मूलप्रबाहिकरण मार्फत सशक्तिकरण गर्ने
२. महिला र सीमान्तकृत समुहहरुलाई समावेश गरि क्षमता अभिबृद्धि गरी आर्थिक तथा सामाजिक सशक्तिकरण गर्ने ।

३. महिला र सीमान्तकृत समुहहरुलाइ विकासको मुलप्रवाहमा ल्याउनको लागि आवश्यक पर्ने नीति , रणनीति , ऐन तथा कानुन वनाइ कार्यान्वयन गर्ने
४. योजना तथा कार्यक्रमहरु लैंगिक उत्तरदायी बजेट बमोजिम निर्माण तथा कार्यान्वयन गरी सवै योजना तथा कार्यक्रमहरुलाइ लैससास मैत्रि वनाउनको लागि क्षमता अभिबृद्धि गर्ने
५. लैससासबारे अन्तराष्ट्रिय प्रतिवद्धता, सन्धि तथा महासन्धिहरुको प्रभावकारी कार्यान्वयन तथा स्थानियकरण गर्नको लागि क्षमता विकास गर्ने
६. सवै नीति, योजना र आयोजना तथा कार्यक्रम प्रभावकारी कार्यान्वयन गर्न प्रत्येक चरणमा लैससास दृष्किोणबाट अनुगमन तथा मूल्याँकन गर्ने र यसलाई संस्थागत गदै लैजाने ।
७. लैससास सम्बन्धी नीति निर्माण तथा प्रभावकारी कार्यान्वयन गर्न केन्द्र, प्रदेश, बिभिन्न प्रतिष्ठान, आयोग, समिति, दातृ निकाय, गैरसरकारी निकाय र स्थानीय सरकार आदि संग समन्वय, सहकार्य र सहजीकरण गर्ने ।
८. विद्यमान सामाजिक विभेदहरु तथा असमानताको खाडललाइ अन्त्य गर्न परम्परागत हानिकारक अभ्यासको प्रचलनलाइ हटाउन स्थानीय सरकार एवम् अन्य सेवा प्रदायक सरोकारवाला संस्थाहरुलाइ सचेतना गर्ने

## ७. लैङ्गिक समानता तथा सामाजिक समावेशिकरण नीति (GESI Policy)

माथि उल्लेखित उदेश्य हासिल गर्नकोलागि निम्नानुसार नीतिहरु अवलम्वन गरिनेछ ।

१. सम्पुर्ण योजना तथा कार्यक्रमलाई लैससास दृष्टिकोणवाट संस्थागत गरी त्यसमा महिला र सीमान्तकृत समुहको अर्थपूर्ण सहभागिता सुनिश्चिताका लागि मूलप्रबाहिकरण गर्ने
२. लैंगिक उत्तरदायी बजेटलाई तथा लैंगिक उत्तरदायी र समावेशी बजेट परीक्षणलाई स्थानीयकरण गरी लक्षित समुदायको वित्तिय श्रोतमा पहुँच अभिबृद्धि गरिनेछ
३. स्थानीय सरकार, सेवा प्रदायक सरोकारवाला संस्थाहरु, महिला र सीमान्तकृत समुहहरुलाई समावेश गरि उनीहरुको योजनाबद्ध रुपमा व्यक्तिगत र सामूहिक क्षमता अभिबृद्धि गरी स्थानीय तहको विकास प्रक्रियामा निर्णायक तथा अर्थपूर्ण सहभागिता सुनिश्चित गरी आर्थिक तथा सामाजिक सशक्तिकरण गर्ने
४. नगरपालिकाले निर्माण गरेका नीति, रणनीति, ऐन, कानुन, निर्देशिका तथा नियमावलिहरु लैससास मैत्रि वनाउने
५. योजना तथा कार्यक्रमहरु लैंगिक उत्तरदायी बजेट बमोजिम निर्माण तथा कार्यान्वयन गरी सवै योजना तथा कार्यक्रमहरुलाइ लैससास मैत्रि वनाउने
६. लैससासबारे अन्तराष्ट्रिय प्रतिवद्धता, सन्धि तथा महासन्धिहरुको प्रभावकारी कार्यान्वयन तथा स्थानियकरण गर्न वकालत गर्ने
७. सबै प्रकारका अनुगमन तथा मूल्यांकन प्रणालीमा लैससास उत्तरदायी दृष्टिकोण अपनाईने छ

८. लैससास नीति प्रभावकारी रुपमा कार्यान्वयन गर्नका लागि आन्तरिक र बाह्य सवै सरोकारवालहरु संग नियमित र प्रभावकारी समन्वय, सहकार्य र सहजीकरण गरिने छ ।
९. विद्यमान सामाजिक विभेदहरु तथा असमानताको खाडललाइ अन्त्य गर्न परम्परागत हानिकारक अभ्यासको प्रचलनलाइ  हटाउन स्थानीय सरकार एवम् अन्य सेवा प्रदायक सरोकारवाला संस्थाहरुलाइ उत्तरदायी वनाउने

## ८.**लैससास रणनीति** (GESI Strategy)

लैङ्गिक समानता तथा सामाजिक समावेशिकरण मुलप्रवाहिकरणका लागि निम्नानुसार रणनीतिहरु कार्यान्वयन गरिनेछ ।

### ८.१. मूलप्रवाहिकरणः

क) नीतिगत ब्यवस्थाहरु, संस्थागत प्रणाली तथा संरचनाहरू,  योजना, बजेट,  अवसर, सेवामुलक कार्य, अनुगमन, मूल्यांकन र अनुसन्धान अ मार्फत उनीहरुलाई समग्र  बिकाशको प्रक्रियामा मुलप्रबाहिकरण गरिनेछ ।

ख) लैंगिक उत्तरदायी तथा समावेशी बजेट परीक्षण   संरचना र कार्यक्रमहरुमा महिला र सीमान्तकृत समुहहरुमा समावेश गरि  सबै जात जातीको अर्थपूर्ण सहभागिता गराई लैगिक मूलप्रबाहिकरण गर्दै लगिनेछ ।

### ८.२. क्षमता बिकास

१. सरोकारवाला संस्थाहरुलाई लैससास प्रति उत्तरदायी र जवाफदेही बनाउन योजनाबद्ध रुपमा क्षमता अभिबृद्धि गर्ने ।
२. लक्षित समुहको योजनाबद्ध रुपमा व्यक्तिगत र सामुहिक क्षमता अभिबृद्धि गरी स्थानीय तहको विकास प्रक्रियामा निर्णायक तथा अर्थपुर्ण सहभागिता सुनिश्चित गरी आर्थिक तथा सामाजिक बिकास गर्ने ।
३. लैंगिक उत्तरदायी बजेट योजना निर्माणको लागि सवै सरोकारवालाहरुलाइ लैंगिक उत्तरदायी बजेट प्रकृयालाइ संस्थागत गर्ने

## ८.३ सशक्तिकरण :

१. महिला तथा बन्चितिमा परेका वर्ग तथा अल्पसंख्यकहरुलाइ स्रोत साधनमा पहुच बढाउनको लागि नगरपालिकाको समग्र संरचना तथा प्रणालिमा अर्थ पुर्ण सहभागिता गराइ सशत्तिकरण गर्ने
२. महिला तथा बन्चितिमा परेका वर्ग तथा अल्पसंख्यकहरुलाइ क्षमता विकास तथा सीप विकास गरी सामाजिक र आर्थिक सशत्तिकरण गर्ने
३. बन्चितिमा परेका वर्ग तथा अल्पसंख्यकहरुसंग भएको परम्परागत सिपको प्रबर्द्धन गरी आर्थिक सशत्तिकरण गर्ने

## ८. ४. सचेतीकरणः

१. लैंगिक समानता तथा सामाजिक समाबेशीकरण मुलप्रवाहिकरणको लागि नीति , रणनीति , ऐन, कानुन, निर्देशिका तथा नियमावलिहरुको निर्माण तथा परिमार्जन गदै लैजाने
२. नीति , रणनीति , ऐन, कानुन, निर्देशिका तथा नियमावलिहरुको वारेमा सबै सरोकारवाला पक्षहरुलाई सचेत गराइ कार्यावयन गर्ने
३. लैससासबारे अन्तराष्ट्रिय प्रतिवद्धता, सन्धि तथा महासन्धिहरुको प्रभावकारी कार्यान्वयन गर्न स्थानियकरण गर्ने
४. विद्यमान सामाजिक विभेदहरु तथा असमानताको खाडललाइ अन्त्य गर्न परम्परागत हानिकारक अभ्यासको प्रचलनलाइ हटाउन वकालत गर्ने ।

## ८.५. समन्वय, सहकार्य र सहजीकरण :

१. लैससास सम्बन्धी नीति तथा योजना निर्माण र साको प्रभावकारी कार्यान्वयन गर्न केन्द्र, प्रदेश, बिभिन्न प्रतिष्ठान, आयोग, समिति र स्थानीय सरकार आदिसंग समन्वय, सहकार्य र सहजीकरण गर्ने ।
२. लैससास सम्बन्धी विभिन्न कार्यक्रमलाई प्रभावकारी रुपमा सञ्चालन गर्न विभिन्न सरकारी, दातृ निकाय एबम् गैरसरकारी निकायहरुसंग साझेदारी तथा समन्वय गर्ने ।

## ८.६. अनुगमन तथा मूल्यांकन :

१. सबै कार्यक्रम, योजना र आयोजनाको प्रत्येक चरणमा लैससास दृष्टिकोणबाट अनुगमन तथा मूल्याँकन गर्ने र यसलाई संस्थागत गर्दै लैजाने र यसको लागि अनुगमन तथा मूल्याँकन खाका तयार गर्ने

## ९. रणनैतिक कृयाकलापहरु

| क. स. | उदेश्य | नीति | रणनीति | रणनैतिक कृयाकलाप | मापनका सुचक | पुष्ट्याइका आधार |
|---|---|---|---|---|---|---|
| १. | संस्थागत संरचना र कार्यक्रमहरुमा महिला र सीमान्तकृत समुहहरुलाई समाबेशी गर्नको लागि लैससास मूलप्रबाहिकरण मार्फत सशक्तिकरण गर्ने | सम्पुर्ण योजना तथा कार्यक्रमलाई लैससास दृष्टिकोणवाट संस्थागत गरी त्यसमा महिला र सीमान्तकृत समुहको अर्थपूर्ण सहभागिता सुनिश्चितताकृ लागि मूलप्रबाहिकरण गर्ने ।<br><br>लैंगिक उत्तरदायी बजेटलाई तथा लैंगिक उत्तरदायी र समावेशी बजेट परीक्षणलाई स्थानीयकरण गरी लक्षित समुदायको वित्तिय श्रोतमा पहुँच अभिबृद्धि गरिनेछ | नीतिगत व्यवस्थाहरु, संस्थागत प्रणाली तथा संरचनाहरू, योजना, बजेट, अवसर, सेवामुलक कार्य, अनुगमन, मूल्यांकन र अनुसन्धान अ मार्फत उनीहरुलाई समग्र बिकाशको प्रक्रियामा मुलप्रबाहिकरण गरिनेछ ।<br><br>लैंगिक उत्तरदायी तथा समावेशी बजेट परीक्षण संरचना र कार्यक्रमहरुमा महिला र सीमान्तकृत समुहहरुमा समावेश गरि सबै जात जातीको अर्थपूर्ण सहभागिता गराई लैगिक मूलप्रबाहिकरण गर्दै लगिनेछ । | १. लैंगिक उत्तरदायी तथा समावेशी बजेट परीक्षण सवै कार्यक्रम तथा योजनामा लैससासलाइ मध्यनजर गर्दै कार्यक्रम तथा योजना लैससास मैत्री वनाउने<br>२. योजना तर्जुमा गर्दा अर्थपुर्ण सहभागिता सुनिश्चित गर्न संस्थागत संयन्त्रको सुदृढिकरण गर्ने<br>३. लैससास मैत्रि आवधिक योजना वनाउने<br>४. लैससास उत्तरदायी बजेट मार्फत बार्षिक योजना तर्जुमा गर्ने<br>५. लैससासमुखि तथ्यांक तथा सुचनाको व्यवस्थित गर्ने प्रणालिको विकास गर्ने<br>६. सरोकारवालाहरु नीतिगत व्यवस्था गरि लैससास | लैससास मैत्री योजना भएको हुनेछ<br><br>योजना तर्जुमा गर्दा ३३ प्रतिशत सहभागिता भएको हुनेछ<br><br>लैससास मैत्रि आवधिक योजना तयार भएको हुनेछ<br><br>लैससास उत्तरदायी बजेट मार्फत बार्षिक योजना निर्माण भएको हुनेछ | वार्षिक नीतिकार्यक्रम पुस्तिका<br><br>सहभागि उपस्थिति पुस्तिका<br><br>आवधिक योजना |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | | उत्तरदायी बजेटको वारेमा सचेतना गर्ने<br>७. लैससास उत्तरदायी बजेटको सुनिश्चिचताको लागि सुचक निर्धारण गर्ने | | |
| २. | महिला र सीमान्तकृत समुहहरुलाई समावेश गरि क्षमता अभिबृद्धि गरी आर्थिक तथा सामाजिक सशक्तिकरण गर्ने । | स्थानीय सरकार, सेवा प्रदायक सरोकारवाला संस्थाहरु, महिला र सीमान्तकृत समुहहरुलाई समावेश गरि उनीहरुको योजनाबद्ध रुपमा व्यक्तिगत र सामूहिक क्षमता अभिबृद्धि गरी स्थानीय तहको विकास प्रक्रियामा निर्णायक तथा अर्थपूर्ण सहभागिता सुनिश्चित गरी आर्थिक तथा सामाजिक सशक्तिकरण गर्ने । | सरोकारवाला संस्थाहरुलाई लैससास प्रति उत्तरदायी र जवाफदेही बनाउन योजनाबद्ध रुपमा क्षमता अभिबृद्धि गर्ने । लक्षित समुहको योजनाबद्ध रुपमा व्यक्तिगत र सामुहिक क्षमता अभिबृद्धि गरी स्थानीय तहको विकास प्रक्रियामा निर्णायक तथा अर्थपुर्ण सहभागिता सुनिश्चित गरी आर्थिक तथा सामाजिक बिकास गर्ने । | १. खण्डिकृत तथ्यांक संकलन, व्यवस्थापन तथा अध्यावधिक गर्ने<br>२. खण्डिकृत तथ्यांकको आधारमा लक्षित वर्गको पहिचान गर्ने<br>३. लक्षित वर्गकोलागि बजेटको व्यवस्थापन गर्ने<br>४. विपन्न वर्गमुखी योजना तथा कार्यक्रम निर्माण गर्ने<br>५. लक्षित वर्गको आवश्यकताको पहिचानको आधारमा कार्यक्रम निर्माण गर्ने | खण्डिकृत तथ्यांक संकलन, व्यवस्थापन भएको हुनेछ<br>लक्षित वर्गको पहिचान भएको हुनेछ<br>लक्षित वर्गको आवश्यकताको पहिचान भएको हुनेछ | तथ्यांक रेकर्ड प्रतिवेदन |
| ३. | महिला र सीमान्तकृत समुहहरुलाइ विकासको | नगरपालिकाले निर्माण गरेका नीति , रणनीति , ऐन, कानुन, निर्देशिका तथा | लैंगिक समानता तथा सामाजिक समाबेशेशीकरण मुलप्रवाहिकरणको लागि नीति , रणनीति , ऐन, कानुन, | १. लैससास सम्बन्धि संविधान तथा स्थानिय सरकार संचालन ऐनले निर्देशित गरेको ऐन कानुन तथा | ऐन कानुन तथा निर्देशिकाहरुको निर्माण भएको हुनेछ | ऐन कानुन तथा निर्देशिकाहरु |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | मुलप्रवाहमा ल्याउनकालागि आवश्यक पर्ने नीति , रणनीति , ऐन तथा कानुन वनाइ कार्यान्वयन गर्ने | नियमावलिहरु लैससास मैत्रि वनाउने | निर्देशिका तथा नियमावलिहरुको निर्माण तथा परिमार्जन गदै लैजाने | निर्देशिकाहरुको निर्माण, पुनरावलोकन गर्ने<br>२. भएका ऐन कानुन तथा निर्देशिकाहरुलाइ लैससास मैत्रि वनाउनको लागि विश्लेषण गर्ने<br>३. ऐन कानुन तथा निर्देशिकाहरुको निर्माण गर्ने सन्दर्भमा लैससास मैत्रि टोलि गठन गरी कार्यान्वयन गर्ने | ऐन कानुन तथा निर्देशिकाहरुलाइ लैससास मैत्रि विश्लेषण भएको हुनेछ<br>लैससास मैत्रि टोलि गठन भएको हुनेछ | विश्लेषण प्रतिवेदन<br>निर्णय माइनुट |
| ४. | योजना तथा कार्यक्रमहरु लैंगिक उत्तरदायी बजेट बमोजिम निर्माण तथा कार्यान्वयन गरी सवै योजना तथा कार्यक्रमहरुलाइ लैससास मैत्रि वनाउनको लागि क्षमता अभिबृद्धि गर्ने | योजना तथा कार्यक्रमहरु लैंगिक उत्तरदायी बजेट बमोजिम निर्माण तथा कार्यान्वयन गरी सवै योजना तथा कार्यक्रमहरुलाइ लैससास मैत्रि वनाउने | लैंगिक उत्तरदायी बजेट योजना निर्माणको लागि सवै सरोकारवालाहरुलाइ लैंगिक उत्तरदायी बजेट प्रकृयालाइ संस्थागत गर्ने | १. लैंगिक उत्तरदायी बजेटमुखी योजना वनाउन लैंगिक उत्तरदायी बजेटलाइ संस्थागत गर्ने<br>२. लैंगिक उत्तरदायी बजेट सम्बन्धि सवैलाइ अभिुखिकरण गर्ने<br>३. सवै योजनाहरुलाइ लैससास मैत्रि बनाउने संयन्त्रको विकास गर्ने | योजना लैंगिक उत्तरदायी बजेटमुखी भएको हुनेछ<br>अभिमुखिकरण भएको हुनेछ<br>संयन्त्रको विकास भएको हुनेछ | वार्षिक नीतिकार्यक्रम पुस्तिका |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ५. | लैससासबारे अन्तराष्ट्रिय प्रतिवद्धता, सन्धि तथा महासन्धिहरुको प्रभावकारी कार्यान्वयन तथा स्थानियकरण गर्नको लागि क्षमता विकास गर्ने | लैससासबारे अन्तराष्ट्रिय प्रतिवद्धता, सन्धि तथा महासन्धिहरुको प्रभावकारी कार्यान्वयन तथा स्थानियकरण गर्न वकालत गर्ने | लैससासबारे अन्तराष्ट्रिय प्रतिवद्धता, सन्धि तथा महासन्धिहरुको प्रभावकारी कार्यान्वयन गर्न स्थानियकरण गर्ने | १. दिगो विकास लक्षको वारेमा सचेतना गराउदै स्थानियकरण गर्ने<br>२. सिडको वारेमा अभिमुखिकरण गर्ने<br>३. बेइजिंग घोषणा पत्रको वारेमा सचेतना गराउदै स्थानियकरण गर्ने<br>४. संयुक्त राष्ट्र संघ सुरक्षा परिषदको प्रस्ताव १३२५ र १८२० को वारेमा सवैलाइ जानकारी गराउने | लैससासबारे अन्तराष्ट्रिय प्रतिवद्धता, सन्धि तथा महासन्धिहरुको स्थानियकरण भएको हुनेछ | वार्षिक नीतिकार्यक्रम पुस्तिका |
| ६. | सवै नीति, योजना र आयोजना तथा कार्यक्रम प्रभावकारी कार्यान्वयन गर्न प्रत्येक चरणमा लैससास दृष्किोणबाट अनुगमन तथा मूल्याँकन गर्ने र यसलाई | सबै प्रकारका अनुगमन तथा मूल्यांकन प्रणालीमा लैससास उत्तरदायी दृष्टिकोण अपनाईने छ। | सबै प्रकारका कार्यक्रम, योजना तथा आयोजनाहरुको प्रत्येक चरणमा लैससास दृष्टिकोणबाट अनुगमन तथा मूल्याँकन गर्ने र यसलाई संस्थागत गर्दै लैजाने र यसको लागि अनुगमन तथा मूल्याँकन खाका तयार गर्ने | १. सबै कार्यक्रम, योजना र आयोजनाको प्रत्येक चरणमा लैससास दृष्टिकोणबाट अनुगमन तथा मूल्यांकन गर्ने।<br>२. अनुगमन र मुल्यांकन प्रणालिको संस्थागत विकास गर्ने अनुगमनको नतिजालाई वेवसाइटमा राख्ने।<br>३. अनुगमन र मुल्यांकन प्रणालि सम्बन्धि सवैलाइ सचेत गर्ने | अनुगमन र मुल्यांकनको प्रतिवेदन वेवसाइट व्यवस्थापन भएको हुनेछ | अनुगमन र मुल्यांकनको प्रतिवेदन वेवसाइट |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | संस्थागत गर्दै लैजाने । | | | ४. लैससास मैत्रि अनुगमन र मुल्यांकन प्रतिवेदनको कार्यान्वयन गर्ने | | |
| ७. | लैससास सम्बन्धी नीति निर्माण तथा प्रभावकारी कार्यान्वयन गर्न केन्द्र, प्रदेश, बिभिन्न प्रतिष्ठान, आयोग, समिति, दातृ निकाय, गैरसरकारी निकाय र स्थानीय सरकार आदि संग समन्वय, सहकार्य र सहजीकरण गर्ने । | लैससास नीति प्रभावकारी रुपमा कार्यान्वियन गर्नका लागि आन्तरिक र बाह्य सवै सरोकारवालहरु संग नियमित र प्रभावकारी समन्वय, सहकार्य र सहजीकरण गरिने छ । | लैससास सम्बन्धी नीति तथा योजना निर्माण र साको प्रभावकारी कार्यान्वयन गर्न केन्द्र, प्रदेश, बिभिन्न प्रतिष्ठान, आयोग, समिति र स्थानीय सरकार आदिसंग समन्वय, सहकार्य र सहजीकरण गर्ने ।<br><br>लैससास सम्बन्धी विभिन्न कार्यक्रमलाई प्रभावकारी रुपमा सञ्चालन गर्न विभिन्न सरकारी, दातृ निकाय एबम् गैरसरकारी निकायहरुसंग साझेदारी तथा समन्वय गर्ने । | १. केन्द्र, प्रदेश, विभिन्न प्रतिष्ठान, आयोग, समिति र स्थानीय सरकार आदिसंग समन्वय, सहकार्य र सहजिकरणको लागि कार्ययोजना वनाउने ।<br>२. सहकार्य र साझेदारीता मार्फत प्राप्त उपलब्धिलाई विश्लेषण गर्ने<br>३. समन्वय, सहकार्य र सहजिकरणको लागि साझा मन्च वनाउने<br>४. समन्वय, सहकार्यको प्रभावकारिताको लागि सवै निकायहरुसंग सम्बन्ध स्थापना गर्ने | कार्ययोजना वनाउने तयार भएको हुनेछ<br><br>साझा मन्च वनाउने गठन भएको हुनेछ | कार्ययोजना विश्लेषण प्रतिवेदन उपस्थिति |
| ८. | विद्यमान सामाजिक विभेदहरु तथा | विद्यमान सामाजिक विभेदहरु तथा असमानताको | विद्यमान सामाजिक विभेदहरु तथा असमानताको खाडललाइ अन्त्य गर्न परम्परागत | १. लैंगिक हिंसा न्युनिकरणको लागि आचार संहिता वनाउने | आचार संहिता तयार भएको हुनेछ | आचार संहिताको वोर्ड कोषको |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | असमानताको खाडललाइ अन्त्य गर्न परम्परागत हानिकारक अभ्यासको प्रचलनलाइ हटाउन स्थानीय सरकार एवम् अन्य सेवा प्रदायक सरोकारवालासंस्थाहरुलाइ सचेतना गर्ने | खाडललाइ अन्त्य गर्न परम्परागत हानिकारक अभ्यासको प्रचलनलाइ हटाउनस्थानीय सरकार एवम् अन्य सेवा प्रदायक सरोकारवाला संस्थाहरुलाइ उत्तरदायी वनाउने | हानिकारक अभ्यासको प्रचलनलाइ हटाउन वकालत गर्ने | २. हानिकारक अभ्यास न्युनिकरणका लागि मिडिया परिचालन गर्ने<br>३. लैंगिक हिंसा कोषको स्थापना गर्ने<br>४. महिला हेल्प लाइनको व्यवस्था गर्ने<br>५. वाल विवाह न्युनिकरण सम्बन्धि अभियान संचालन गर्ने | लैंगिक हिंसा कोषको स्थापना भएको हुनेछ<br><br>महिला हेल्प लाइनको व्यवस्था भएको हुनेछ | स्थापना<br>महिला हेल्प लाइन संचालन |

## १०. वित्त व्यवस्थापन

लैङ्गिक समानता तथा सामाजिक समावेशिकरण मुलप्रवाहिकरण रणनीति कार्यान्वियन गर्नका लागि आवश्यक पर्ने वित्तलाइ यस नगरपालिकाले आन्तरिक तथा वाह्य स्रोतवाट व्यवस्थापन गरिने छ ।

सामुदायिक विकास कार्यक्रममा समानुपातिक सहभागिता र समावेशीकरण प्रक्रियालाई प्रभावकारी बनाउदै स्रोतवाट व्यवस्थापनको लागि सवैसंग सहकार्य गर्ने यस्को लागि निम्न व्यवस्थापन गरिने छ ।

१. संघ तथा प्रदेशमा समन्वय गर्ने
२. बार्षिक बजेट लैसैसास लक्षित कार्यत्रक्रमका लागि अग्रिम विनियोजन गर्ने
३. अन्य सरोकारवालाहरु संग समन्वय गर्ने
४. लैसैसासको लागि आन्तरिक स्रोत परिचालन गर्ने

## ११. कानूनी व्यवस्था :

लैसैसास रणनीति कार्यान्वियनको लागि कार्यपालिकाको बैठकले अनुमोदन तथा नगर सभावाट पारित गरि कार्यान्वियन गर्ने र वेव साइडमा राख्ने र रणनीति जिवित बनाइ राख्ने

## १२. रणनीति कार्यान्वियनको जिम्मेवारी तथा दायित्व :

लैससास रणनीति कार्यान्वयनको प्रमूखु जिम्मेवारी नगरपालिकाको हुनेछ यस्का लागि नगर प्रमुखको संयोजकत्वमा गठित लैंगिक समानता तथा सामाजिक समाबेशीकरण कार्यान्वियन समितिको हुनेछ । लैससास रणनीति कार्यान्वियन गर्नको लागि सवै वडा कार्यालयहरु समेत हुन्छन । लैससास रणनीति कार्यान्वियन प्रकृया निरन्तर चलिरहने भएकोले नगरपालिका भित्रका सवै कार्यरत सवै संघसंस्था तथा विकास साझेदारहरुलै लैसैसास रणनीति कार्यान्वियनमा जिम्मेवारी वहन गर्नु पर्ने हुन्छ ।

## १३. रणनीति कार्यान्वयन समितिको जिम्मेवारी तथा दायित्व

यस रणनीतिकार्यान्वयनको लागि पालिका प्रमुख संयोजकत्वमा गठित समितिले गर्दछ -पालिकामा सामाजिक समावेशि नीति २०७८ र लैससास परिक्षण दिग्दर्शन २०७८ को व्यवस्था अनुसार ।
समितिमा निम्न लिखित सदस्यहरु रहनेछन्

| | |
|---|---|
| गाउँपालिका/नागरपालिकाका अध्यक्ष/प्रमुख | संयोजक |
| उपप्रमुख / उपाध्यक्ष | सदस्य |
| प्रमुख प्रशासकिय अधिकृत | सदस्य |
| सामाजिक विकास समितिका संयोजक | सदस्य |

कार्यपालीका सदस्यहरु मध्यबाट कम्तीमा दूइ जना महिला सहित

| | |
|---|---|
| संयनेजकले तोकेका तिन जना | सदस्य |
| सांमाजिक संस्थाबाट समावेशी प्रतिनिधित्व हुने गरि तिन जना | सदस्य |
| सामाजिक विकास शाखा प्रमुख | सदस्य सचिव |

**उक्त समितिको काम कतृव्य अधिकार निम्न अनुसार रहेको छ।**

१. सामाजिक समावेशिकरण नीति पुनरावलोकन र परिमार्जनका लागि खाका तयार गर्ने गराउने
२. नीति तथा रणनीतिकार्यान्वयनका लागि सम्बद्ध वडा तथा निकाय विच सहकार्य सहजिकरण र समवन्वय गर्ने गराउने
३. सामाजिक समावेशीकरण सम्बन्धि बजेट तथा कार्यक्रम तर्जुमा र सञ्चालन गर्न आवश्यक समन्वय, सहकार्य तथा प्रोत्साहन एवम सहयोग सम्बन्धि व्यवस्था गर्ने
४. सामाजिक समावेशीकरण सम्बन्धि कार्यको अनुगमन गर्ने गराउने
५. सामाजिक समावेशिकरण सहयोगी नीतिहरुसँग सामञ्जस्यता स्थापना गर्ने र आवश्यक सहयोग आदान प्रदान गर्ने
६. सामाजिक समावेशिकरण मूलप्रवाहीकरणका लागि संस्थागत प्रणाली विधि एवम प्रक्रियाहरु स्थापित गर्न सहयोग गर्ने
७. वडा कार्यालयहरुमा सामाजिक समावेशिकरणका दृष्टिकोणले कार्यक्रम तर्जुमा गर्न संस्थागत क्षमता विकासमा सहयोग गर्ने
८. योजना, कार्यक्रम तथा बजेट तर्जुमा एवम् अनुगमन तथा प्रतिवेदन प्रणालीमा लैङ्गिक तथा सामाजिक समावेशीकरणको आवद्धता र मूलप्रवाहीकरणका लागि सहजिकरण गर्ने
९. सरकारी तथा गैरसरकारी संघ संस्था र नागरिक समाजमा लैङ्गिक तथा सामाजिक समावेशीकरणललाइ प्रभावकारीरुपमा कार्यान्वयन गर्न सहयोग पुराउने
१०. वडागत विकास कार्यक्रमको सामाजिक लेखाजोखा र परिक्षण गर्ने गराउने
११. अन्तराष्ट्रियरुपमा गरेका लैङ्गिक तथा सामाजिक समावेशीकरणसँग सम्बन्धित प्रतिवद्धताहरु स्थानीयस्तरमा लागु एवम् कार्यान्वयन गर्न गराउन सहजीकरण,प्रोतसाहन र आवश्यक सहयोग गर्ने
१२. आर्थिक एवम् सामाजिकरुपमा पछाडि परेका वर्ग जात जाति लिङ्ग, क्षेत्र एवम् समुदायले प्रत्यक्ष फाइदा पाउने समावेशीकरणका कार्यक्रम वा आयोजनाका लागि आवश्यक बजेट विनिोजन भए नभएको अनुगमन गर्ने
१३. सामाजिक समावेशीकरण रणनीतिकार्यानवयन गर्ने क्रममा आउन सक्ने सम्भावित जोखिमहरुको आकलन र जोखिम सम्बोध गर्ने गराउने
१४. समितिको बैठक आवश्कता अनुसार बस्नेछ। समितिको बैठक सम्बन्धि अन्य कार्यविधि समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ

## १४. रणनीति कार्यान्वयन अनुगमन सम्बन्धी व्यवस्था :

नगरपालिकाको अनुगमन संयन्त्रलाई क्रियाशिल बनाई लैंङ्गिक तथा सामाजिक समावेशीकरण उद्देश्यहरुले निर्दिष्ट गरेका रणनीति तथा कार्यनीतिहरुको कार्यान्वयन भए नभएको नियमित अनुगमन गरी वार्षिक प्रतिबेदनमा समवेश गरिनेछ । लैंङ्गिक उत्तरदायी बजेट तथा कार्यक्रम तर्जुमा र कार्यान्वयनका बिषयमा समेत वार्षिक लेखाजोखा गरिनेछ। नगरपालिकाको वार्षिक नीति तथा कार्यक्रम र सकारात्मक प्रयासहरू कार्यान्वयन भए न भएको नियमित अनुगमन गरी बार्षिक समिक्षा गरिनेछ। वार्षिक प्रगतिका विषयमा समिक्षा गरी सुझावका आधारमा आगामी कार्यदिशा तय गरिने छ । नगरपालिकाले लैससास रणनीतिको प्रभावकारी कार्यान्वयनका लागि नियमित अनुगमन तथा निर्देशन गर्न व्यक्ति वा निकायको प्रतिनिधित्व रहने गरि लैससास नीति अनुगमन तथा निर्देशन समिति गठन गरीने छ।

## १५. संभांव्य जोर्खीम र न्यूनीकरणका उपायहरु :

लैससास रणनीति  दिगो विकासका लागि विश्वव्यापी रुपमा अंगिकार गरिएको  सवाल हो। यो बिषय विभिन्न बिषयगत क्षेत्रसंग अन्तर सम्बन्धित छ । यो बिषय बहुसरोकारको क्षेत्र भएको हुँदा सबैको सहभागिता र प्रयासमा मात्र यस सम्बन्धमा उत्पन्न समस्याको हल गर्न सकिन्छ र जोखिमहरुलाई न्युनिरकण गर्न सकिन्छ। अभिमुखिकरणको निस्कर्ष अनुसार यहाँ केही सम्भावित जोखिम र जोखिम न्युनिकरण गर्न सकिने उपायहरु बारे उल्लेख गरिएको छ।

| संभांव्य जोर्खीम | न्यूनीकरणका उपायहरु |
|---|---|
| खण्डिकृत तथ्याङ्क तथा सूचनाहरुको आधारमा योजना र कार्यक्रमहरु तयार हुननसक्नु। | १. सबै वडाहरुमा खण्डिकृत तथ्यांक अद्यावधिक गरी सोही आधारमा योजना तर्जुमा प्रक्रिया सम्पन्न गर्न समन्वय तथा सहजीकरण गर्ने । |
| टोलवस्ती तथा वडा स्तरबाट लैससाससँग सम्वन्धित योजना तथा कार्यक्रमहरु छनौटमा पर्न नसक्नु । | १. लक्षित बर्ग समुदायको अवस्था पहिँचान र विश्लेषणका आधारमा योजना छनौट गर्न सहजीकरण गर्ने । <br> २. योजना तर्जुमा प्रक्रियामा लक्षित बर्ग समुदायको अर्थपूर्ण सहभागिता बृद्धि गर्न क्षमता विकासका कार्यक्रम संचालन गर्ने। |
| लैससास रणनीति कार्यान्वयनमा आवश्यक ज्ञान, क्षमता र दक्ष मानव स्रोतको कमी हुन सक्नु। | १. नगरपालिकाबाट क्षमता विकासका कार्यक्रममा लगानीको वातावरण मिलाई दक्ष मानवस्रोतको उत्पादन तथा परिचालन गर्ने। |

| | |
|---|---|
| लैससास नीतिमा उल्लेखित प्राबधानहरु कार्यान्वयन गर्न स्रोत साधनको सीमितता हुन सक्ने । | १. नगरपालिकाको स्रोत परिचालनमा न्यायिक बितरण प्रणालीको अवलम्बन गर्ने ।<br>२. वार्षिक योजना तर्जुमा तथा बजेट बिनियोजन गर्दा लैससास सम्बन्धी विषयहरुलाई प्राथमिकतामा राख्न नियमित समन्वय तथा सहजीकरण गर्ने ।<br>३. लैससास क्षेत्रमा स्रोत व्यवस्थापनका लागि सम्बन्धित संघ संस्थासंग समन्वय र सहकार्य बृद्धि गर्ने । |
| सामाजिक विकासका कार्यक्रमले भौतीक विकासका कार्यक्रमले जस्तो तत्काल परिणाम देखाउन नसकिने हुदा लैससास विषय स्थानीय सरकारको प्राथमितामा पर्न नसक्नु । | १. लैससासको महत्व र सरकारद्वारा जारी गरिएका कानुन तथा अन्तराष्ट्रिय प्रतिबद्धता बारेमा जानकारी गराई लैससास बिषयलाई प्राथमितामा राख्न नीतिगत व्यवस्था गर्ने ।<br>२. लैंगिक उत्तरदायी योजना तथा बजेट तर्जुमाका लागि नियमित समन्पयलाई प्रभावकारी बनाउने । |
| नगरपालिकाका जनप्रतिनिधी र कर्मचारीमा लैससास सम्वन्धी साझा बुझाईमा एकरुपता हुन नसक्नु । | १. सहभागितात्मक अभिमूखिकरण तथा सहजीकरणबाट लैससास अवधारणा बारे समान बुझाई बनाउने ।<br>२. लैससास सम्बन्धी राष्ट्रिय नीति तथा कानुन र अन्तराष्ट्रिय प्रावधान बारे अभिमूखिकरण गर्ने । |

## १५. निश्कर्ष :

लैससासको विषय राष्ट्रिय तथा अतर्राष्ट्रिय मुद्धा हो र यसलाइ मानव अधिकारको रुपमा हेरिएको छ। यसलाइ कार्यान्वयन गर्नको लागि धेरै राष्ट्रिय नीतितथा रणनीति तयार गरिएको छ । संघियता पश्चात लैससास कार्यान्वयनको लागि सवै स्थानिय सरकारहरुलाइ बढि उत्तरदायि वनाइएको छ। यस्को लागि नगरपालिकाले आफनो लैससास नीति तथा रणनीति बनाउनु पर्ने सन्दर्भमा यो रणनीति तयार भएको हो यस्लाइ कार्यान्वयनको लागि सवै सरोकारवालाहरुलाइ उत्तरदायि वनाउनु पर्ने हुन्छ । यस रणनीतिलाइ नतिजामुखि वनाउनको लागि निम्म बमोजिम आवश्यक पहल नगरपालिकाले गर्ने छ ।

१. नगरपालिकाको योजना तथा कार्यक्रमको तर्जुमा, कार्यान्वयन र अनुगमन प्रक्रियामा नजिकको साझेदारको रूपमा क्रियाशिल रहने ।
२. आफ्नो बस्ती तथा वडा तहका परिवारको खण्डीकृत सूचना तथा तथ्यांकहरू साथै विकास कार्यबाट भएको प्रगतिको अभिलेख राख्ने र आवश्यकता अनुसार सम्बन्धित वडा रनगरपालिकामा सम्बोधनका लागि माग पेश गर्ने ।

३. सामुदायिक विकाससंग सम्बन्धित योजना तथा कार्यक्रम तर्जुमा र कार्यान्वयन प्रक्रियामा जसको सवाल उसको नेतृत्व रहने गरी महिला, बालबालिका, अपांग, जेष्ठ नागरिक लगायत विपन्न र पछाडी पारिएको बर्ग समुदायको सक्रिय सहभागिता सुनिश्चितता गर्न वकालत तथा नियमित समन्वय र साझेदारी गर्ने ।
४. सेवा-प्रदायकको व्यवहार, कार्यशैली र क्रियाकलापको नियमित निगरानी गरी लैंससासमैत्री, बालमैत्री, अपांगमैत्री तथा समावेशी बनाउन सम्बन्धित शाखा तथा निकाय समक्ष वकालत तथा माग गर्ने ।
५. महिला तथा वञ्चित समूहको विकासलाई सीमित गर्ने खालका हानीकारक सामाजिक प्रचलन र गलत सामाजिक अभ्यास विरुद्ध आवाज उठाउने । स्थानीय तहमा सञ्चालित अभियानरुपी कार्यक्रमहरुमा सक्रिय संलग्नता जनाउने
६. स्थानीय विकास निर्माणका कार्यहरुमा जनसहगिता अभिबृद्धि गर्न वडा तथा नगरपालिकामा वकालत गर्ने ।

# अनुसुची

## लैससास परिभाष-मुख्य शब्दावलीहरु

**परिभाषा:** बिषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस रणनीतिमा स्थानीय तह भन्नाले हनुमाननगर कंकालिनी नगरपालिका सम्झनु पर्छ ।

**योजना**"भन्नाले समग्र विकास निमार्ण सम्वन्धी कार्यको लागि तयार गरिएको स्थानीय तहको आवधिक विकास योजना, वार्षिक विकास योजना, एकिकृत शहरी विकास योजना, जिल्ला सडक गुरुयोजना र विषयगत गुरुयोजना, रणनीति योजना आदि सम्झनु पर्छ ।

**सामाजिक वञ्चितीकरण**" भन्नाले औपचारिक नियम, ऐन, कानुन आदि तथा परम्परा देखि चलि आएको अनौपचारिक मुल्यमान्यता बमोजिम लिङ्ग, जात जाति, धर्म आदि विभेदका कारणले सुविधाबाट वञ्चित भएका अवस्थालाई सम्झनु पर्छ ।

**सामाजिक समावेशीकरण**" भन्नाले अवसर तथा स्रोत साधन उपभोग गर्नबाट वञ्चित भई जोखिममा परेका र स्तरयुक्त आर्थिक, सामाजिक तथा साँस्कृतिक जीवनयापन गर्नबाट बञ्चित भई गरिवी तथा सामाजिक रुपमा वञ्चितिकरणमा परेका समूहहरुलाई विकास निमार्ण र कार्यसम्पादनका प्रकृयामा सहभागी गराई उपलब्ध अवसर, श्रोत, साधन तथा आधारभूत अधिकार उपयोग गर्ने कुराको सुनिश्चितालाई सम्झनु पर्छ ।

**लैंगिक समानता तथा सामाजिक समावेशी ब्यक्ति**" भन्नाले नगरपाकिाको लैंगिक समानता तथा समावेशी विषय हेर्ने गरी सम्पर्क व्यक्तिको रुपमा तोकिएको कर्मचारीलाई सम्झनु पर्छ ।

सामाजिक समावेशी बजेट" भन्नाले विभिन्न,जातजाती, क्षेत्र, वर्ग र समुदाय, अपांगता भएका व्यक्ति, बालबालिका तथा जेष्ठ नागरिकहरुको आवश्यकतालाई सहभागिमुलक ढंगले सम्बोधन गर्दै समग्र विकास प्रक्रियालाई निजहरु प्रति उत्तरदायि बनाउने उद्देश्यले तर्जुमा गरिने बजेट तथा कार्यक्रमलाई जनाउँछ । सामाजिक समावेशी लक्ष्यलाई केन्द्रमा राखेर सामाजिक समावेशीकरण सम्वन्धी विश्लेषण गरी आर्थिक स्रोतको सुनिचिश्चता र उपलब्धिको समता मुलक वितरण र उपभोग हुनेगरी तर्जुमा गरिएको बजेट समेत सम्झनु पर्छ ।

**लैङ्गिकता** : कुनै पनि मानिस लिङ्गको आधारमा महिला वा पुरुष वा यौनिक तथा लैंगिक अल्पसख्यक भएका कारण समाजद्वारा उनीहरुलाई दिइने भूमिका, व्यवहार र उनीहरुलाई हेर्ने दृष्टिकोण हो ।

लैङ्गिक मूलप्रवाहीकरण :नगरपालिकाको कुनै पनि योजनाबद्ध कार्य, विद्यमान संरचनाहरु र सबै विषयगत क्षेत्रका कानुन, नीति नियम, कार्यक्रम कार्यन्वयनको , बजेट र सेवा प्रवाह तथा योजना तर्जुमाका हरेक क्षेत्र तथा तहमा लैङ्गिक समानतालाई आन्तरिकीकरण गर्ने स्थिति नै लैङ्गिक मूलप्रवाहीकरण हो ।

**लैङ्गिक संवेदनशिल** : सेवा प्रवाह प्रक्रिया र नीति तथा कार्यक्रम तर्जुमाका सबै चरणहरुमा महिला पुरुष रयौनिक तथा लैगिक अल्पसंख्यक हरका रुका विशेष आवश्यकता र प्राकृतिक अवस्था अनुसार उनीहरुको सन्तुलित विकास, सार्वजनिक लाभ प्राप्तीको सुनिश्चितता र अधिकार प्राप्ती प्रति गम्भीर हुनु हो ।

**लैङ्गिकमैत्रीः** समाज वा राज्यको हरेक संरचना र नीति तथा कार्यक्रम तर्जुमाका सबै चरणहरुमा महिला, पुरुष वा यौनिक लैगिक अल्पसंख्यक अल्पसंख्यकका विशेष आवश्यकताहरु सम्बोधनका लागि गरिने प्राथमिकता पुर्ण व्यवहार हो ।

‘‘लैङ्गिक प्रभाव विश्लेषण‘‘ भन्नाले नीति तथा अभ्यासहरुको परिक्षण गरेर कुनै पनि योजना कार्यक्रम तथा आयोजनाबाट महिला एवम् पुरुष कत्तिको लाभान्वित भएका छन् भन्ने अवस्थाको विश्लेषण गर्ने कार्यलाई सम्झनु पर्दछ ।

**‘‘लैङ्गिकउत्तरदायीतथा सामाजिक समावेशी बजेट’’** भन्नाले स्थानीय निकायको योजना तर्जुमा गर्दा समाजमा रहेका विभिन्न जातजाति, क्षेत्र, वर्ग र समुदायका महिला, पुरुष, यौनिक अल्पसंख्यक, अपांगता भएका व्यक्ति, बाल-बालिका तथा जेष्ठ नागरिकहरूको आवश्यकतालाई सहभागिता मूलक ढंगले सम्बोधन गर्दै समग्र विकास प्रक्रियालाई निजहरू प्रति उत्तरदायी बनाउने उद्देश्यले तर्जुमा गरिने कार्यक्रम र बजेटलाई जनाउँछ । लैङ्गिक समानता तथा सामाजिक समावेशी लक्ष्यलाई केन्द्रमा राखेर उद्देश्य मूलक, योजनावद्ध, लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण सम्बन्धी विश्लेषण गरी आर्थिक स्रोतको सुनिश्चितता र उपलब्धिको समतामूलक वितरण र उपभोग हुने गरी गरिने बजेट तर्जुमा प्रक्रियालाई सम्झनु पर्दछ ।

**‘‘लैङ्गिक उत्तरदायी तथा सामाजिक समावेशी परीक्षण’’** भन्नाले समाजमा रहेका विभिन्न जातजाति, क्षेत्र, वर्ग र समुदायका महिला र पुरुष बीचको भूमिका, सम्बन्ध, स्थान, स्तर, अवसर आदिको विश्लेषणबाट लैङ्गिक समानता तथा समावेशी विकास गर्न तय गरिएको बजेट र कार्यक्रम मार्फत तोकिएको उद्देश्य हासिल भए नभएको लेखाजोखा र परीक्षण गरी सुधारका उपाय पहिल्याउने औजारलाई सम्झनु पर्छ ।

**“खण्डीकृत तथ्याङ्क“** भन्नाले महिला तथा पुरुष जातीय अल्पसंख्यक समुह, अपाङ्गता भएका एवम् एच.आई.भि.संक्रमित ब्यक्ति तथा अन्य सीमान्तकरणमा परेका समुहहरुको तहगत तथ्याङ्कलाई सम्झनु पर्दछ ।

**“गरिबी नक्शाङ्कन” गरिबी नक्शाङ्कन** भन्नाले एउटा निश्चित भू-भागमाबसो बास गर्ने घर परिवारको गरिबी र असमानताको स्थान केन्द्रित वितरण ९क्उभअषष्अ म्ष्कतचष्दगतष्यल० बारे थाहापाउन प्रयोग गर्ने विधिलाई सम्झनु पर्दछ ।

**“लक्षितवर्ग/समूह”** भन्नाले आर्थिक रूपमा विपन्न वर्गका महिला एवम्  बालबालिका तथा आर्थिक र सामाजिक रूपमा पिछडिएका वर्गहरू (सबै जातजातिका विपन्न वर्गहरू, जेष्ठ नागरिक, यौनिक अल्पसंख्यक, आदिबासी जनजाति, मधेशी, दलित, मुस्लिम, पिछडिएको वर्ग, अपाङता भएका ब्यक्ति, अल्पसंख्यक तथा सीमान्तकृत समुह आदिको एवम् नेपाल सरकारले लक्षित समूह भनी तोकेका वर्ग एवं समुदाय सम्झनु पर्दछ  ।

**‘‘स्थानीयकरण’’** भन्नाले कुनै पनि बिषय वा कार्यक्रमलाई कुनै स्थानीय ठाउँ विशेषको परिस्थिती वा अवस्था अनुसार ढाली त्यसको प्रभाबकारी एवम् अधिकतम् उपयोग गर्ने प्रक्रिया सम्झनु पर्दछ ।

**‘‘बञ्चित समुहु** भन्नाले परम्परागत रुपमा लामो समय देखि जातिय, आर्थिक, लैङ्गिक, अपाङ्गता, यौनिक तथा लैङ्गिक अल्पसंख्यक एवम् भौगोलिक कारणले गर्दा पछि परेका महिला, दलित, आदिवासी,जनजााती, मधेसी, मुस्लिम, अपाङ्ग,जेष्ठ नागरीक, बाल-बालिका एवम् दुर्गम क्षेत्रमा बसोवास गर्ने जनता सम्झनु पर्दछ ।

**"अल्पसंख्यक"** भन्नाले संघीय कानून बमोजिम निर्धारित प्रतिशत भन्दा कम जनसंख्या रहेका जातीय, भाषिक र धार्मिक समूह सम्झनु पर्छ र सो शब्दले आफ्नै जातीय, धार्मिक र भाषिक विशिष्टता भएको, त्यसलाई बचाई राख्ने आकांक्षा रहेका, विभेद र उत्पीडन भोगेका समूह समेतलाई जनाउँछ ।
"सीमान्तीकृत" भन्नाले राजनीतिक, आर्थिक र सामाजिक रूपले पछाडि पारिएका, विभेद र उत्पीडन तथा भौगोलिक विकटताको कारणले सेवा सुविधाको उपभोग गर्न नसकेका वा त्यसबाट वञ्चित रहेका संघीय कानून बमोजिमको मानव विकासको स्तर भन्दा न्यून स्थितिमा रहेका समुदाय सम्झनु पर्छ र सो शब्दले अति-सीमान्तीकृत र लोपोन्मुख समुदाय समेतलाई जनाउँछ ।